# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**


प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-

**विषयः सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/०८ गते मंगलबार**

प्रस्तुत विषयमा नगर सभाको पन्ध्रौं अधिवेशनवाट निर्णय भए अनुसार भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा अन्तरगत कार्यालय तथा निवासको सरसफाई लगायतका कार्यहरु गर्नका लागि आवश्यक श्रेणिविहिन कार्यालय सहयोगी २ जना सेवा करारमा लिनु पर्ने भएकोले सेवा करारमा काम गर्न ईच्छुक तपसिल वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक आफैले प्रमाणित गरी तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन दिन दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/पद | संख्या | काम गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १ | ५-०८१/०८२ | कार्यालय सहयोगी | श्रेणीविहीन | २ | नगर कार्यपालिकाको कार्यालय वा अन्तरगत |

१.आवश्यक न्युनतम योग्यता, अनुभव र कागजातहरुः-

- मान्यता प्राप्त शिक्षण संस्थावाट ८ कक्षा उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
- प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने,
- निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

२.दरखास्त दिने स्थानः भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ ।

३.दरखास्त दिने अन्तिम मितिः २०८१/०६/१४ गते कार्यालय समय वेलुका ५.०० वजे भित्र ।

४.दरखास्त दस्तुरः रु.३००।

५.छनौटको किसिमः- अन्तरवार्ता

६.सेवा सुविधाः नगरपालिकाको प्रचलित व्यवस्था अनुसार ।

७.कार्यविवरण देहाय अनुसार हुनेछ ।

क. कार्यालय तथा निवासमा सरसफाई लगायतका काम गर्ने,
ख. चिठीपत्रहरु दर्ता/चलानी/फाइलिङ लगायतका काम गर्ने,
ग. वैठक तथा कार्यक्रममा चिया, खाजा, खानाको व्यवस्था गर्ने,
घ. आफू भन्दा माथिल्लो दर्जाको कर्मचारी तथा पदाधिकारीले लगाएको काम पुरा गर्ने,
ङ. कार्यालयले तोके वमोजिमका अन्य कार्यहरु गर्ने ।

०८१/६/८
**कमलप्रसाद पुन**
प्रमुख प्रशासकीय अधिकृत